# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको

## स्वतः प्रकाशन (Pro-active Disclosure)

## आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन




## वार्षिक विवरण

## सूचना सार्वजनिक गरेको मिति : २०८३ साउन

## १. निकायको स्वरुप र प्रकृति : नेपालमा कारागार व्यवस्था

नेपालमा कारागार (जेल) को इतिहास वि.सं.१९७१ बाट सुरु भएको हो । नेपालको पहिलो कारागार हालको कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौं हो ।यसलाई सुरुमा सदर जेल भनिन्थ्यो । पहिले जेल मुख्तियारको मातहतमा रहन्थ्यो र त्यसको प्रमुख "रोलवाला जर्नेल" रहने व्यवस्था थियो । २००७ साल पश्चात कारागार प्रशासन गृह मन्त्रालय अन्तर्गत रहने व्यवस्था भयो । काठमाडौं उपत्यकाका कारागारहरुको उपत्यका अंचल कमिशनर र जिल्लास्थित कारागारहरुको प्रशासन बडाहाकिमको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा सञ्चालन भएको पाइन्छ ।

तत्कालिन समयमा नेपालको अञ्चल तथा जिल्लाको विभाजन (१४अञ्चल र ७५ जिल्ला) पश्चात यो स्थानीय प्रशासनको नियन्त्रण र निर्देशनमा हुनथाल्यो । २०१९ सालमा कारागार सम्बन्धी व्यवस्था गर्न कारागार ऐन, २०१९ निर्माण भयो । हाल कारागार ऐन, २०१९ खारेज भई कारागार ऐन, २०७९ मिति २०७९ असोज ९ गते देखि लागू भएको छ। कारागार ऐन, २०७९ को दफाले दिएको अधिकार प्रयोग गरी कारागार प्रशासनलाई व्यवस्थित र नियमित गर्न कारागार नियमावली, २०२० को पन्ध्रौ संशोधन भै मिति २०७९ पौष १८ गते देखि लागू भएको छ। मिति २०८३।०३।३२ गते नेपाल राजपत्रमा सूचना प्रकाशन भई कारागार नियमावली, २०८३ कार्यान्वयनमा आएको छ। गृह मन्त्रालयको कारागार व्यवस्थापन महाशाखाद्वारा सम्पादन भई आएको कारागार व्यवस्थापन तथा प्रशासन सम्बन्धी कार्यहरू प्रभावकारी एवं सवल बनाउन २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो । तत्पश्चात कारागार व्यवस्थापन र प्रशासन सम्बन्धी काम कारागार व्यवस्थापन विभाग अन्तर्गत हुँदै आएको छ ।स्थानीय तहमा कारागार कार्यालयमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहने व्यवस्था छ।

नेपालमा हाल ७७ जिल्ला मध्ये धनुषा, बारा, भक्तपुर, पूर्वी रुकुम र पूर्वी नवलपरासी गरी पाँच जिल्ला बाहेकका ७२ जिल्लामा ७५ वटा कारागारहरु रहेका छन् । केन्द्रीय कारागार अस्पताल र मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल गरी २ वटा कारागार अस्पताल समेत संचालनमा रहेका छन्। बाँकेको नौबस्तामा पनि नयाँ कारागार निर्माण भई २०८१ बैशाखबाट संचालनमा आएको छ।एकै जिल्लामा दुईवटा कारागार सञ्चालन भएका जिल्लाहरु बाँके, दाङ र काठमाडौ हुन् । बाँके जिल्लामा नेपालगञ्ज र नौवस्ता, दाङ जिल्लामा घोराही र तुल्सीपुर तथा काठमाडौं जिल्लामा जगन्नाथदेवल र डिल्लीबजारमा कारागारहरु रहेका छन् । नेपालमा हाल मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, बाँके, डोटी र नुवाकोट गरी ९ जिल्ला गरी १० वटा बालसुधार गृहहरु संचालनमा रहेका छन् । बाँके जिल्ला जयन्दु र नौवस्ता गरि २ वटा बाल सुधार गृह रहेका छ।

## २. निकायको काम, कर्तव्य र अधिकारः कारागार व्यवस्थापन विभागका कार्यहरू :

कारागार व्यवस्थापन सम्बन्धी काम गर्ने केन्द्रीय निकायको रुपमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो। गृह मन्त्रालय अन्तर्गत रहेको कारागार व्यवस्थापन विभागले गर्ने कार्यहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

१. कारागार व्यवस्थापनसंग सम्बन्धित आवश्यक नीति तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने।
२. बन्दीको सेवा सुविधा लगायत विषयमा आवश्यक मापदण्ड निर्धारण गर्ने।
३. कारागारलाई सुधारगृहका रुपमा विकास गरी बन्दीलाई मनोसामाजिक परामर्श सहित उत्पादनको कार्यमा लगाउन आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
४. बन्दी स्थान्तरणको लागि आधार तथा मापदण्ड निर्धारण गर्ने।
५. कारागारलाई लैङ्गिमैत्री तथा अपाङ्गमैत्री बनाउन आवश्यक संरचनात्मक तथा व्यवस्थापकीय कार्य गर्ने ।
६. प्रचलित कानून बमोजिम कैदकट्टा सम्बन्धी कार्य गर्ने।
७. कारागारको अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्ने।

## ३. कारागार व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित निकायहरू

१. गृह मन्त्रालय
२. कारागार व्यवस्थापन विभाग
३. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा अन्य सुरक्षा निकायहरू
४. न्यायिक तथा अर्धन्यायिक निकाय
५. जिल्ला प्रशासन कार्यालयहरु
६. कारागार कार्यालयहरु
७. केन्द्रीय कारागार अस्पताल र अन्य अस्पतालहरु
८. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
९. बाल सुधार गृह
१०. अन्य सहयोगी निकायहरु

## ४. कारागार व्यवस्थापन विभाग वा अन्तर्गतका कार्यालयहरुको दरबन्दी विवरण

| पद/श्रेणी/तह | स्वीकृत दरवन्दी |
|---|---|
| महानिर्देशक/रा.प.प्रथम | १ |

| | |
|---|---|
| निर्देशक/रा.प.द्वितीय | २ |
| उपसचिव (लेखा)/रा.प.द्वितीय | १ |
| शाखा अधिकृत/रा.प.तृतीय | ११ |
| लेखा अधिकृत/रा.प.तृतीय | १ |
| कानून अधिकृत/रा.प.तृतीय | १ |
| नायब सुब्बा/रा.प.अनं.प्रथम | ६२ |
| लेखापाल/रा.प.अनं.प्रथम | २० |
| कम्प्युटर अपरेटर/रा.प.अनं. प्रथम | ८ |
| खरिदार/रा.प.अनं.द्वितीय | ७३ |
| स.क.अ./रा.प.अनं.द्वितीय | ५५ |
| हलुका सवारी चालक/श्रेणी बिहिन | ५४ |
| कार्यालय सहयोगी/श्रेणी बिहिन | ३३७ |
| कारागार प्रशासक/रा.प.अनं.प्रथम | २९ |
| अ.हे.व./४/५/६ | ४५ |
| सहायक लेखापाल/रा.प.अनं.द्वितीय | ५८ |
| कारागार प्रशासक/रा.प.तृतीय | ३९ |
| सहायकस्तर चौथो/अ.हे.व. | १ |
| टाइपिष्ट | १ |
| कारागार प्रशासक/रा.प.द्वितीय | ७ |
| हे.अ./पाँचौ | ६ |
| सि.अ.हे.व./छैटौ | २३ |
| जनस्वास्थ्य निरीक्षक(अधिकृत छैठो) | ३ |
| मे.अ./सातौं/आठौं | १ |
| सि.अ.हे.व. पाँचौ | ४ |
| अधिकृत छैटौं (स्वास्थ्य सेवा) | १ |
| हे.ई (पाँचौ/छैटौ/सातौ) | १ |
| नर्सिङ (पाँचौ/छैटौ/सातौ) | १ |
| सहायक लेखापाल/रा.प.अनं. द्वितीय | १ |

| | |
|---|---|
| अनमी ४/५/६ | १ |
| मेडिकल सुपरिटेण्डेण्ट/एघारौं | १ |
| रेडियोलोजिष्ट ९/१० | १ |
| साइकाट्रिक विशेषज्ञ ९/१० | १ |
| क.डर्माटोलोजिष्ट/नवौं | १ |
| जनरल फिजिसियन ९/१० | २ |
| जनरल सर्जन ९/१० | २ |
| मेडिकल अधिकृत/आठौं | ८ |
| ल्याव टेक्नोलोजिष्ट/सातौं | १ |
| ब.नर्सिङ अधिकृत/आठौं | १ |
| जनस्वास्थ्य अधिकृत/सातौं | ३ |
| रेडियोग्राफर/छैटौं | २ |
| ल्याब टेक्निसीयन/पाँचौ | १ |
| स्टाफ नर्स/पाँचौ | १२ |
| मेडिकल रेकर्डर/पाँचौ | १ |
| फार्मेसी सुपरभाइजर/पाँचौ | २ |
| वा.मे.ओभरसियर/रा.प.अनं.प्रथम | १ |
| नेत्र सहायक ४/५/६ | १ |
| डेण्टल सहायक ४/५/६ | १ |
| मेडिकल सुपरिटेन्डेन्ट | १ |
| हे.अ./छैटौं | २ |
| **जम्मा** | ८९३ |

## ५. कारागार व्यवस्थापन विभाग तथा कारागार कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु

# कारागार व्यवस्थापन विभाग

नागरिक बडापत्र (Citizens Charter)

| सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु | शुल्क/दस्तुर | लाग्ने समय | जिम्मेवार पदाधिकारी शाखा /फाँट | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. न्यायिक तथा अर्धन्यायिक निकायहरुको आदेशले कारागारहरुमा आउने थुनुवा, कैदी बन्दीहरुको अभिलेख राख्ने । | थुनामा पठाउने निकायको स्पष्ट आदेश हुनुपर्ने । | नि:शुल्क | तुरुन्त | कारागार प्रशासक (सम्बन्धित कारागार) | प्र.जि.अ. | |
| २.<br>i) बन्दीहरुको सिदा व्यवस्था ।<br>चामल ७०० ग्राम र ८० रुपैयाँ ।<br>ii) नाबालकलाई -<br>७ महिनादेखि १ वर्षका लागि १०० ग्राम र ५० रुपैयाँ ।<br>१-३ वर्षका लागि १५० ग्रा. र ५० रुपैयाँ ।<br>३-५ वर्षका लागि २०० ग्रा. र ५० रुपैयाँ ।<br>५-७ वर्षका लागि २५० ग्रा. र ५० रुपैयाँ | बन्दीको अभिलेख | नि:शुल्क | | कारागार प्रशासक (सम्वन्धित कारागार) | प्र.जि.अ. | |

| सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु | शुल्क/दस्तुर | लाग्ने समय | जिम्मेवार पदाधिकारी शाखा /फाँट | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|
| ७-१२ वर्षका लागि ४५० ग्रा र ५० रुपैयाँ ।<br>१२ वर्ष माथिका लागि ६०० ग्रा. चामल र ५० रुपैयाँ ।<br>iii) दशैं खर्च प्रतिवर्ष रु ३०० ।<br>iv) सुत्केरी खर्च रु २००० । | | | | | | |
| ३. बन्दीहरुका लागि लत्ता कपडा उपलब्ध गराउने ।<br>७ वैशाख र कार्तिकमा गरी वर्षको २ पटक लगाउने कपडा ।<br>२ वर्षमा १ पटक ओढ्ने ओछ्याउने कपडा पाउने। | बन्दीको अभिलेख | नि:शुल्क | तोकिएको निर्दिष्ट समयमा वितरण हुने । | कारागार प्रशासक (सम्वन्धित कारागार) | प्र.जि.अ. | |
| ४. बन्दीहरुलाई स्वास्थ्योपचार, मनोरञ्जन, शिक्षा, सदाचार,सिपविकास समेतका अवसर दिलाउने । | बन्दीको अभिलेख | नि:शुल्क | स्वास्थ्योपचार तुरुन्तै र अन्य आवश्यकता अनुसार। | कारागार प्रशासक (सम्वन्धित कारागार) | विभाग | |

| सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु | शुल्क/दस्तुर | लाग्ने समय | जिम्मेवार पदाधिकारी शाखा /फाँट | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. बन्दीगृह लगायत भौतिक संरचनाको निर्माण, मर्मत संभारको प्रवन्ध । | बन्दीगृह र भौतिक अवस्थाको स्पस्ट स्थितिका आधारमा | आवश्यक्ता अनुसार | नियमित रुपमा | सम्वन्धित कारागार प्रशासन | विभाग | |
| ६. (क) बन्दीहरुको शतप्रतिशत कैद मुक्त भएको आदेश दिने । | कारागार प्रशासकबाट प्रमाणित भै आएको छुट पाउने सिफारिस । | निःशुल्क | ७ दिन अगावै कारागार कार्यालयले विभागमा पठाउनुपर्ने । | कारागार प्रशासक, प्र.जि.अ. | गृह मन्त्रालय | |
| (ख) राष्ट्रिय पर्व तथा अन्य महत्वपूर्ण उत्सवहरुको उपलक्ष्यमा हुने कैद माफी मिनाहा तथा छुट । | बन्दीहरुको अभिलेखको आधारमा असल चालचलन सहितको सम्वन्धित कारागार प्रशासक र प्र.जि.अ. को सिफारिस | निःशुल्क | बन्दीहरुको अभिलेखको आधारमा असल चालचलन सहितको सम्वन्धित कारागार प्रशासक र प्र.जि.अ. को सिफारिस कारण सहित कारागार प्रशासक र प्र.जि.अ.को सिफारिस | कारागार व्यवस्थापन विभाग | गृह मन्त्रालय | |

| सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु | शुल्क/दस्तुर | लाग्ने समय | जिम्मेवार पदाधिकारी शाखा /फाँट | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|
| ७. बन्दीहरुको सामूहिक माग, निवेदन आदि सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने । | कारण सहित कारागार प्रशासक र प्र.जि.अ.को सिफारिस | नि:शुल्क | कारागार प्रशासक र प्र.जि.अ. को सिफारिस | निर्देशक | महानिर्देशक | |
| ८. बाल बिज्याईका एवं बन्दीका साथमा रहेका आश्रित हरुलाई क्रमशः बालसुधार गृहमा राख्न संस्थाहरुसँग सम्पर्क र समन्वय गरी आवश्यक व्यवस्था गर्ने । | कारागार प्रशासक र र प्र.जि.अ. को सिफारिस | नि:शुल्क | कारागार नियमावली एवं नेपाल सरकारले तर्जुमा गरेको नीति निर्देशन अनुरुपको प्रक्रिया पुप्याउनुपर्ने । | कारागार प्रशासक | जिल्लामा प्र.जि.अ. र विभागमा महानिर्देशक | |
| ९, बन्दीका आफन्त, मित्रहरु, कानून व्यवसायीहरु तथा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिसमेतलाई बन्दीहरुसँग भेटघाटको व्यवस्था मिलाउने । | कारागार नियमावली एवं नेपाल सरकारले तर्जुमा गरेको नीति निर्देशन अनुरुपको प्रक्रिया पुप्याउनुपर्ने । | नि:शुल्क | सम्वन्धित व्यक्तिको निवेदन /कारण सहितको कारागार प्रशासक र प्र.जि.अ.को सिफारिस | कारागार प्रशासक | प्र.जि.अ. | |
| १०. कारागारमा रहेका बन्दिहरुको स्थानान्तरण । | सम्वन्धित व्यक्तिको निवेदन/कारण सहितको | नि:शुल्क | | कारागार प्रशासक /प्र.जि.अ. | महानिर्देशक | |

| सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजपत्रहरु प्रमाणहरु | शुल्क/दस्तुर | लाग्ने समय | जिम्मेवार पदाधिकारी शाखा /फाँट | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|
| | कारागार प्रशासक र प्र.जि.अ.को सिफारिस | | | | | |

## ६. कारागार व्यवस्थापन विभागको संगठनात्मक संरचना र दरबन्दी

महानिर्देशक

रा.प. प्रथम(प्रशासन)

निर्देशक

रा.प. द्वितिय

शाखा अधिकृत

रा.प. तृतिय

**क.प्र. शाखा**

ना.सु.-१

क.अ.-१

खरिदार-१

स.क.अ.-१

ह.स.चा-२

का.स.-३

**जिन्सी शाखा**

ना.सु.-१

लेखा नियन्त्रक

रा.प. द्वितिय

लेखा अधिकृत

(रा.प. तृतीय)-१

**आ.प्र. शाखा**

लेखापाल-१

निर्देशक

रा.प. द्वितिय

शाखा अधिकृत

(रा.प. तृतीय)-१

**बन्दी प्र. शखा**

ना.सु.-१

कानून अधिकृत

(रा.प. तृतीय)-१

**कारागार कार्यालय**

भक्तपुर, धनुषा, बारा, पूर्वी रुकुम, पूर्वी नवलपरासी जिल्ला बाहेकका ७२ जिल्लाका ७५ कारागारहरु

**कारागार अस्पतालहरु**

केन्द्रीय कारागार अस्पताल

मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल

## ७. बन्दीलाई उपलब्ध गराईने सुबिधाः

१. कारागार र बाल सुधारमा रहेका बन्दी/बालविज्याईकर्तालाई हाल दैनिक ७०० ग्राम चामल र रु ८० उपलब्ध गराउने गरिएको छ। सो दैनिक सिधा अपुग हुने गरेको साथै पोषणयुक्त खाना नपाएको गुनासो बन्दीवाट आउने गरेको छ।

२. वर्षको २ जोर कपडा जाडो तथा गर्मीका लागि १/१ जोर प्रति बन्दी २५०० का दरले

३. ओढने, ओछ्याउने २ वर्षमा एक पटक प्रति बन्दी रु तीन हजार का दरले

४. विरामी परेको अवस्थामा निःशुल्क उपचार (संभव भए सम्म सरकारी अस्पतालमा)

५. गत वर्ष भएको बास्तविक खर्चका आधारमा प्रति कैदी औषत वार्षिक लागतः ७९,१९८ (मासिक सरदर ६,६०० रुपैया) खर्च भएको देखिन्छ। (रासन सिदा, लत्ताकपडा, औषधी, स्थानान्तरण, पानी विजुली आदि सबै खर्च जोडेर)

## ८. कारागारमा स्वास्थ्य पुर्वाधारको अवस्थाः

१. सबै कारागारहरुमा सामान्य स्वास्थ्य पूर्वाधार सहित स्वास्थ्यको दरबन्दीमा कर्मचारी कार्यरत रहेका छन्।

२. मेडिकल सुपरिटेण्डेण्ट (एघारौं तह)को नेतृत्वमा केन्द्रिय कारागार अस्पताल जगन्नाथदेवल (केन्द्रिय कारागारसँगै) संचालनमा रहेको छ।

३. कन्सल्टेन्ट साइक्याट्रिक (नवौं तह)को नेतृत्वमा मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल ललितपुरमा रहेको छ।

४. कारागारमा विरामीको चाप उच्च नै छ। साथै मानसिक रोगीको संख्या समेत बढ्दै गइरहेको छ। राजधानी तथा तराइका ठूला कारागारहरूमा अन्यत्र तथा नजिकका पहाडी जिल्लाहरूबाट ठूलो संख्यामा विरामी कैदीबन्दीहरूलाई उपचारका लागि स्थानान्तरण गर्नु परिरहेको अवस्था छ।

५. स्वास्थ्य उपचारका लागि विनियोजित वजेट न्यून रहेको । सरकारी तथा सामुदायिक अस्पतालमा उपचार गर्नुपर्ने भएतापनि केही खर्चिला उपचारसमेत राज्यले गर्नुपर्ने हुँदा वोझिलो वन्दै गएको देखिन्छ।

६. प्रचलित कारागार कानूनमा दीर्घ रोगी, वृद्ध रोगी तथा निको हुन गाह्रो हुने भनी चिकित्सकले भनेका कैदीबन्दीहरूलाई कारागार प्रशासनको सम्पर्कमा रहने गरी आफन्तको जिम्मा लगाउने भन्ने कारागार ऐन, २०७९ को दफा ३९ मा भएको व्यवस्था अभ्यासमा धेरै अवलम्वन नभएको देखिँदा यसलाई सरल तथा वस्तुपरक बनाउनु पर्ने देखि नियमावली, २०८३ यस सम्बन्धी केही व्यवस्था गरिएका छन्।

७. बन्दीहरुको स्वास्थ्य बीमा गर्न प्रारम्भ गरिएको भएतापनि पर्याप्त बजेट अभावले सबै बन्दीहरुमा यो सुविधा पुऱ्याउन सकिएको छैन।

## ९. तोकिएको कैद भन्दा पहिल्यै बन्दी रिहा हुने अवस्था र अभ्यास

### १. प्यारोल सम्बन्धी व्यवस्था

- **(क) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ः**
- **दफा २९ः**
- एक वर्ष भन्दा वढी कैद सजाय पाई कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसूरदारलाई सम्बन्धित प्रोवेशन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्नेछ।
- तर देहायका कसूरदारलाई प्यारोलमा राख्न सकिनै छैन (दफा २९ को उपदफा १ को प्रतिबन्धात्मक व्यवस्था)

(क) जन्मकैदको सजाय पाएको,

(ख) भ्रष्टाचारको कसूरमा सजाय पाएको,

(ग) जबरजस्ती करणीको कसूरमा सजाय पाएको,

(घ) मानव बेचविखन तथा ओसार पसार सम्वन्धी कसूरमा सजाय पाएको,

(च) सङ्गठित अपराध सम्वन्धी कसूरमा सजाय पाएको,

(छ) सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरमा सजाय पाएको।

(च) यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार सम्बन्धी कसूरमा सजाय पाएको,

(झ) मानवता बिरुद्धको अपराध सम्बन्धी कसूरमा सजाय पाएको,

(ञ) राज्य विरुद्धको अपराध सम्बन्धी कसूरमा सजाय पाएको।

- **(ख) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा (२९) मा उल्लेखित मुद्दाका अतिरिक्त देहायको अवस्थामा प्यारोलमा राख्न सिफारिस नगरिएको:-**

**बन्यजन्तु सम्वन्धी मुद्दाः-**

छैटौ बैठकसम्म सिफारिस गरिएको सातौ बैठकवाट सिफारिस नगरिएको ।

**खोटाचलन सम्वन्धी मुद्दाः-**

सातौ बैठकसम्ममा सिफारिस गरिएको आठौ बैठकबाट सिफारिस नगरिएको ।

**कैद हद सम्बन्धीः-**

कुनै दुई वा सो भन्दा वढी मुद्दामा **कैद हद भएकाहरुलाई** एघारौ बैठकसम्म सिफारिस गरिएको बाह्रौ बैठकवाट सिफारिस नगरिएको ।

**ज्यान मार्ने उद्योग अन्तर्गतः-**

योजनावद्ध अमानवीय प्रकृतिको कसुर र गोलि प्रहार गरी ज्यान मार्न खोजेको जस्ता मुद्दाहरुमा हालसम्म सिफारिस नगरिएको ।

**कर्तव्य ज्यान अन्तर्गतका मुद्दाहरुमाः-**

जन्मकैदको सजाय पाएका र जन्मकैदको सजाय गरी मुलुकी ऐन, २०२० को अ.ब.१८८ नं. बमोजिम कैद सजाय घटाएको हकमा सिफारिस नगरिएको र गम्भीर उत्तेजना वा आवेश प्रेरित, लापरवाहीपूर्ण काम र हेल्चक्रयाईवाट ज्यान मार्ने कसुर भएकाको हकमा ( क्रमशः मुलुकी ऐन, २०२० को ज्यान सम्वन्धी महलको १४ नं, मुलुकी अपराध संहिता, २०७४ को दफा (१७९), दफा (१८१) र दफा (१८२) अन्तर्गतका कसुरमा) जन्मकैद सजाय नहुने भएकोले सिफारिस गर्ने गरिएको ।

**सवारी ज्यान अन्तर्गतः-**

सवारी साधनले ठक्कर दिई ब्याक गरी ज्यान मारेमा, योजनावद्धरुपमा ठक्कर दिएको कसूरमा सजाय भएकाहरुको हकमा सिफारिस नगरिएको ।

**पटके कसुरदारः-** सिफारिस नगरिएको ।

- तर यस पुर्व केही सार्वजनिक अपराध तथा अभद्र व्यवहार मुद्दामा फैसला भइ फैसला बमोजिम तिर्नु बुझाउनुपर्ने रकम बुझाएको र तोकिएको कैद समेत भुक्तान भइसकेका र पटके तर्फ कारवाही नभएकाहरुको हकमा सिफारिस गरिएको ।

(ग) कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरु, २०८०

(घ) कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड कार्यान्वयन मार्गदर्शन, २०८०

(ङ) प्यारोल सम्बन्धी निर्देशिका, २०८१

(च) उल्लिखित कानुनी व्यवस्थाको कार्यन्वयन गर्नका लागी ऐनको दफा ३८(१)मा देहाय बमोजिमको संघीय प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था रही दफा ३९(१) मा काम कर्तव्य र अधिकार तोकिएको छ ।

महान्यायाधिवक्ता - अध्यक्ष

सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

सचिव, गृह मन्त्रालय - सदस्य

उपलब्ध भएसम्म एक जना महिला सहित सम्बन्धित मन्त्रालयले तोकेका दुई जना मनोचिकित्सक - सदस्य

महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

सम्बन्धित मन्त्रालयले तोकेको अपराधशास्त्री वा दण्डशास्त्री - सदस्य

महानिर्देशक, कारागार व्यवस्थापन विभाग - सदस्य-सचिव

**२. विशेष जिम्मेवारी बापत पाउने सुविधा सम्वन्धी कानूनी व्यवस्थाः-**

**(क) कारागार ऐन, २०७९:**

- **दफा २४, दफा २६ र दफा ५४ मा बन्दीहरूलाई चौकिदार, नाइके वा सहनाइकेका साथै कारखाना प्रशिक्षक र शिक्षकको रूपमा कारागार प्रशासनले कानूनबमोजिम काममा लगाउन सक्ने व्यवस्था रहेको र यसरी काम गरे वापत निजहरूले देहायबमोजिम कैद कट्टाको सुविधा पाउने व्यवस्था रहेको ।**

**(क) चौकीदारको हकमा एक महिना बराबर छ दिन,**

(ख) नाइकेको हकमा एक महिना बराबर पाँच दिन,

(ग) सहनाइकेको हकमा एक महिना बराबर चार दिन,

(घ) शिक्षकको हकमा एक महिना बराबर छ दिन,

(ङ) कारखानामा काम गर्ने कामदारको हकमा एक महिना बराबर छ दिन,

(ख) यसरी काम गरेको अवस्था खुलाइ कारागार प्रशासक र प्र.जि.अ.ले सिफारिस गरी विभागमा पठाएमा तोकिएको प्रक्रिया कागजात पुरा भएको अवस्थामा विभागबाट कैद कट्टाको निर्णय गरी पठाउने गरेको ।

३. ऐनको दफा ३९ मा कडा रोग लागी अशक्त भएका कैदीलाई छोड्न सक्ने व्यवस्था हाल अभ्यासमा नरहेको।

४. विभिन्न दिवस तथा सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिस बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट संविधानको धारा २७६ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम गरिदै आएको बन्दीहरूको कैद कट्टा तथा माफि मिनाहाको कार्य यस वर्ष नभएको।

## १०. सेवा प्रदान गर्ने जिम्वेवारी र कर्मचारी विवरण

### क) कारागार ब्यवस्थापन विभागको कर्मचारी विवरण र जिम्मेवार शाखा

| सि.न. | नाम | पद | जिम्मेवारी | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | श्री माधव प्रसाद पोखरेल | महानिर्देशक | | 9851140007 |
| २ | श्री जनक राज पन्त | निर्देशक | प्रशासन शाखा | 9851332594 |
| ३ | श्री चोमेन्द्र न्यौपाने | निर्देशक | बन्दी प्रशासन शाखा | 9855047777 |
| ४ | श्री मुरारी निरौला | उपसचिव( लेखा) | लेखा शाखा | 9851332595 |
| ५ | श्री शेर बहादुर थापा | शाखा अधिकृत | प्रशासन शाखा | 9851208129 |
| ६ | श्री शिव कुमार अधिकारी | शाखा अधिकृत | प्यरोल शाखा | 9851209129 |
| ७ | श्री झक बहादुर दसौती | लेखा अधिकृत | लेखा शाखा | |
| ८ | श्री लक्ष्मण राई | कानून अधिकृत | कानून शाखा | |
| ९ | श्री ओमकार प्रसाद विष्ट | नायव सुब्बा | जिन्सी शाखा | |


| | | | | |
|---|---|---|---|---|
| १० | श्री भुवन कुमार रेग्मी | नायव सुब्बा | बन्दी प्रशासन शाखा | |
| ११ | श्री बासुदेव पोखरेल | नायव सुब्बा | प्रशासन शाखा | |
| १२ | श्री द्रोण बहादुर वस्नेत | लेखापाल | लेखा शाखा | |
| १३ | श्री उदेन सुवेदी | कम्प्यूटर अपरेटर | | |
| १४ | श्री प्रेम कुमार यादव | कम्प्यूटर अपरेटर | | काज |
| १५ | श्री फडिन्द्र बहादुर पौड्यल | खरिदार | प्यारोल शाखा | |
| १६ | श्री आशना मिश्र | स.क.अ. | बन्दी प्रशासन शाखा | |
| १७ | श्री काले तामाङ | ह.स.चा. | | |
| १८ | श्री केश बहादुर भुजेल | ह.स.चा. | | |
| १९ | श्री लक्ष्मी थापा | कार्यालय सहयोगी | | |
| २० | श्री सरोज सिग्देल | कार्यालय सहयोगी | | |
| २१ | श्री भिमा तामाङ | कार्यालय सहयोगी | | |

**ख) देशका विभिन्न कारागारहरुमा रहेका बन्दीहरूको २०८३ असार मसान्तसम्मको मास्केवारी लगायत कारागार र बन्दी सम्बन्धी विवरण पछाडि अनुसूचीमा संलग्न छ ।**

## ११. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

यस विभाग वा अन्तर्गतका कारागार कार्यालयहरूबाट प्रदान गरिने सबै प्रकारका सेवाहरू निशुल्क प्रदान गर्ने गरिएको र नागरिक वडापत्रमा उल्लेख भएका कागजात र प्रक्रिया पुरा भएमा तुरुन्त सेवा प्रदान गर्ने गरिएको।

## १२. निर्णय गर्ने प्रकृया र अधिकारी




## १३. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- महानिर्देशकबाट भएका निर्णय उपर उजुरी सुन्ने अधिकारी श्रीमान् सचिवज्यू गृह मन्त्रालय, साथै विभागका निर्देशकहरूबाट भएको निर्णय उपर महानिर्देशक।
- न्यायिक निर्णयउपर पुनरावेदन सुन्ने अदालत।

## १४. यस अवधिमा सम्पादन गरेको मुख्य कामको विवरण

**<u>भौतिक पुर्वाधार निर्माणतर्फ</u>**

- केन्द्रीय कारागार नुवाकोटको मिति २०८१।०५।१५ गते बाट संचालनमा ल्याइएको। हाल सो कारागारमा ८००+ कैदीबन्दीहरू रहेका।

- प्यारोल कार्यान्वयनका लागि २९९३ जनालाई प्यारोल समितिको बैठकबाट निर्णय भई कारागार प्रशासकलाई लेखि पठाइएको।
- धनकुटा, पाँचथर, नुवाकोट, रसुवा, नौबस्ता बाँके, मुगु, हुम्ला, सुर्खेत,कञ्चनपुर, कैलाली गरी थप ११ वटा कारागार भवनहरु निर्माणको क्रममा रहेका।

| **क्र.स.** | **कारागारहरुको नाम** | **हालसम्मको प्रगति विवरण** |
|---|---|---|
| १. | केन्द्रीय कारागार भवन निर्माण (दोस्रो र तेस्रो चरण) | - पर्खाल निर्माण कार्य जारी रहेको।<br>- तेस्रो चरणको पूर्ण श्रोत सुनिश्चितता बहुवर्षिय ठेक्का सहमति र चालु आ.व.का लागि पर्याप्त बजेट प्राप्त नभएकोले प्रकृया अघि नबढेको। |
| २. | कारागार कार्यालय भवन निर्माण, धनकुटा | DPR सम्पन्न। |
| ४. | कारागार कार्यालय भवन निर्माण, पाँचथर | निर्माण कार्य जारी। |
| ५. | क्षेत्रीय कारागार नौवस्ता, बाँके (तेस्रो चरण) | पर्खाल निर्माण कार्य जारी। |
| ६. | कारागार कार्यालय भवन निर्माण हुम्ला | निर्माण सम्पन्न। |
| ७. | कारागार कार्यालय भवन निर्माण मुगु | निर्माण सम्पन्न। |
| ८. | कारागार कार्यालय भवन निर्माण रसुवा | कारागार कार्यालय भवन निर्माण जारी। |
| ९. | कारागार कार्यालय भवन निर्माण कञ्चनपुर | मर्मत सम्पन्न। |
| १०. | कारागार कार्यालय भवन निर्माण सुर्खेत | कार्यालय भवन निर्माणाधिन। |
| ११. | कारागार कार्यालय भवन निर्माण कैलाली | मर्मत सम्पन्न। |

**नीति र कानूनी सुधारतर्फ**

- कारागार नियमावली, २०८३ मन्त्रीपरिषदबाट स्वीकृति भई मिति २०८३।०३।३२ गते नेपाल राजपत्रमा सूचना प्रकाशन भएपश्चात कार्यान्वयनमा आएको ।
- फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ समसामयिक संशोधनको लागि मन्त्रालयमा प्रेषित भएको ।

**माफी मिनाहा र अन्य**

- यस अवधिमा देशका विभिन्न कारागारबाट औषधी उपचार, शान्ति सुरक्षा, स्थान अभाव, बयान तथा अदालथी कार्य, भवन मर्मत, इलम तथा तालिम कार्यको लागि कुल २,८५९ बन्दीको स्थानान्तरण गरिएको ।
- यस अवधिमा कामदारी सुविधा समेत जोडेर ठेकिएको कैद भुक्तान गरी विभिन्न मुद्दामा कारागारमा रहेका कुल २४६ जना कैदीहरु कैद मुक्त भएको।
- हालसम्म १०४ वटा कारागारमा चौकिदार नियुक्ति समर्थन गरिएको।
- गत आ.व. मा देशभरीका कारागारहरू मध्येबाट दिर्घरोगी, जेष्ठ नागरिक र महिला गरी कुल रु.१,००,००,०००।— (एक करोड) स्वास्थ्य बिमा प्रयोजनको लागि विभिन्न कारागारहरूलाई उपलब्ध गराएको । वार्षिक लक्ष्य बमोजिम बिमा गर्ने प्रक्रिया शुरू गरिएको।

**बेरुजु फछ्यौट तर्फ**

- विभाग र कारागार कार्यालय अन्तर्गत कुल बेरुजु रु.११ करोड १ लाख १६ हजार
- आ.व. २०८२/८३ को अवधिमा फछ्यौट भएको कुल बेरुजु रु. १ करोड ७९ लाख ७ हजार

## १५. विभागीय प्रमुख र सूचना अधिकारीको नाम र पद

विभागीय प्रमुख - श्री माधव प्रसाद पोखरेल , महानिर्देशक (९८५११४०००७)
प्रवक्ता एवं गुनासो(नोडल) अधिकारी - श्री चोमेन्द्र न्यौपाने, निर्देशक (९८५५०४७७७७)
सूचना अधिकारी - श्री शिव कुमार अधिकारी, शाखा अधिकृत(९८५१२०८१२९)

## १६. ऐन, नियम वा विनियम वा निर्देशिकाको सूची

१. नेपालको संविधान
२. कारागार ऐन, २०७९
३. कारागार नियमावली, २०८३
४. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
५. फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६
६. ज्येष्ठ नागरिक ऐन, २०६३

७. बालबालिका सम्बन्धी ऐन, २०७५
८. निजामती सेवा ऐन, २०४९
९. निजामती सेवा नियमावली, २०५०
१०. मुलुकी अपराध संहिता, २०७४
११. स्थानीय प्रशासन ऐन, २०२८
१२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
१३. प्रशासकीय कार्य फछ्र्यौट नियमहरू, २०२६
१४. कारागार व्यवस्थापन कार्यविधि, २०७३
१५. मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल संचालन कार्यविधि, २०७७
१६. सर्वोच्च अदालतबाट सम्बन्धित विषयमा भएको आदेश र फैसलाहरु
१७. नेपाल सरकारको सम्बन्धित विषयका नीति निर्देशन र निर्णयहरु
१८. नेपाल सरकारले कारागार व्यवस्थापनसँग सम्बन्धित विषयमा गरेको सन्धि, सम्झौता र सहमतिहरू
१९. बन्दीहरुको बडापत्र, २०६०
२०. कारागार व्यवस्थापन विभाग, विभाग र मातहतका निकायहरुबाट विद्यमान ऐन कानून र कार्यक्षेत्रको परिधिभित्र नीतिगत निर्णयहरु लगायत अन्य ऐन, नियम, निर्णय, परिपत्र आदि ।

## १७. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण रु. हजारमा

**कारागार व्यवस्थापन विभाग**

| | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
|---|---|---|---|
| बजेट | ४६,३०३।- | ३,८३,७१२।- | ४,३०,०२१।- |
| खर्च | ४१,८३४।- | १,८७,०३७।- | २,८८,७१।- |

**कारागार कार्यालयहरु**

| | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
|---|---|---|---|
| बजेट | २९,०७,४००।- | २,४६,६७५.- | ३१,५४,०७५।- |
| खर्च | २४,८९,१०७।- | १,९२,३५१।- | २६,८१,४५८।- |

**कुल बजेट तथा प्रगतीः**

| | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
|---|---|---|---|
| बजेट | २९,५३,७१०।- | ६,३०,३८७।- | ३५,८४,०९७।- |
| खर्च | २५,३०,९४१।- | ३,७९,३८८।- | २९,१०,३२९।- |
| प्रगति प्रतिशत | ८५.६७ | ६०.१८ | ८१.२० |

## १८. सम्पादन भएका मुख्य कार्यहरू

- कारागार नियमावली, २०८३ मिति २०८३/०३/३२ मा नेपाल राजपत्रमा सूचना प्रकाशन भई कार्यान्वयनमा आएको।
- फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६ मा संशोधन गर्नुपर्ने देखिएकोले संशोधनको मस्यौदा तयार गरी मन्त्रालयमा पठाइएको।
- विभागबाट सम्पादन हुने काम कारवाही एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) बाट हुने गरी प्रयोगमा ल्याइएको।
- यस विभागमा हाल प्रचलनमा ल्याइएको कारागार व्यवस्थापन सूचना प्रणाली (PMIS) लाई बहुउपयोगी र अझ विस्तारित बनाउने कार्यलाई प्राथमिकता दिई अगाडि बढाइएको।
- LMBIS, Milestone र कार्यसम्पादन सम्झौतामा उल्लेखित कार्यहरूलाई उच्च प्राथमिकता दिई अगाडि बढाइएको।
- क्षमता भन्दा बढी बन्दीहरू रहेका कारागारबाट क्षमता भन्दा कम बन्दीहरू रहेका कारागारमा बन्दीहरू स्थानान्तरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिईएको।
- जेन-जी आन्दोलनको क्रममा फरार भएका कुल १३५८५ बन्दीहरू मध्ये हाल सम्म ९,९४३ जनालाई पुनः कारागारमा फिर्ता गरिएको र हाल ३,६४२ जना फिर्ता हुन बाँकी ।
- क्षति भएका कारागारहरूसँग क्षति विवरण, प्राविधिक मूल्याङ्कन र मुचुल्का सहितको विवरण एकत्रित गरी पुनर्निर्माण र मर्मतका लागि न्यूनतम आवश्यक बजेट निकासा गरी कारागार कार्यालयहरू मर्मत गरी सञ्चालनमा ल्याइएको।
- आगजनी तथा आक्रमणका दौरान अभिलेख नष्ट भएका कारागारहरूलाई बन्दी विवरण अध्यावधिक गर्न अपनाउनु पर्ने प्रक्रिया र कार्यहरू सम्बन्धमा विभिन्न मितिमा परिपत्र मार्फत निर्देशन गरी बन्दी विवरण अध्यावधिक गरिएको।
- कारागार कार्यालयहरूमा कैदीबन्दीहरूलाई अदालत/अस्पताल लैजान सवारी साधनको अपुग भएकोमा विनियोजीत बजेट ६ करोड ८२ लाखबाट १ वटा बस र १२ वटा प्रिजनर भ्यान खरिद गरी विभिन्न कारागार कार्यालयलाई उपलब्ध गराइएको।
- प्यारोल बोर्डबाट २८१० बन्दीको सिफारिस कारागार प्रशासकलाई लेखि पठाइएको।

- कामदारी सुविधा अन्तर्गत १२७ पुरुष र ९ जना महिला गरी जम्मा १३६ जनाको कैदकट्टा सिफारिस गरेको।
- कैदीबन्दीलाई उत्पादन मुलक कार्यमा लगाउने तथा कारागारको समग्र सुधार गर्ने सम्बन्धी समितिको प्रतिवेदन श्रीमान् सचिवज्यू समक्ष पेश गरेको
- ४६ वटा कारागारहरूमा मनोसामाजिक परामर्श तालिम उपलबध गराइएको

## १९. तोकिए बमोजिमका अन्य विवरण

४१ वटा कारागारमा २८५० जना कैदिबन्दीलाई मनोसामाजिक परार्मश प्रदान गरिएको।

## २०. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः छैन ।

## २१. सार्वजनिक निकायको वेबसाइटमा भए सोको विवरण

वेवसाईट www.dopm.gov.np ईमेल mail@dopm.gov.np

## २२. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण अनुदान एवं प्राविधिक सहयोग सम्झौता सम्बन्धी विवरणः छैन ।

## २३. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

अनुसुचिमा समावेश छ ।

## २४. सार्वजनिक निकायमा निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संकलन गर्न तोकिएको समयावधि

**सुचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५ बमोजिम कारागार व्यवस्थापन विभागका सूचनाको वर्गिकरण**

| सि.नं. | विषय | सूचनाको प्रकार | कैफियत |
|---|---|---|---|
| १. | साधारण सार्वजनिक गर्न सकिने | १. कारागार व्यवस्थापनको लागि छुटिएको बजे, कार्यक्रम, खर्च र लेखा परिक्षण तथा बेरूजु फछर्यौट सम्बन्धी | |

| | | | |
|---|---|---|---|
| | | २. कारागार कार्यालयहरूको निरीक्षण तथा अनुगमन प्रतिवेदन<br>३. थुनुवा वा कैदीलाई छोड्न पर्ने फैसला वा आदेश भएको सूचना<br>४. कारागार कार्यालयहरूको मासिक प्रतिवेदन<br>५. कारागार कार्यालयहरूमा रहेका कर्मचारी तथा दरबन्दी सम्बन्धी विवरण<br>६. कारागार कार्यालयहरूमा सन्चालन गरिएका कार्यक्रमहरू<br>७. बन्दीहरूलाई दिइने सेवा र सुविधा<br>८. कैद छुट पाएकाहरूको विवरण<br>९. कारागारहरूको क्षमता तथा बन्दीहरूको अवस्था | |
| २. | गोप्य निश्चित समयपछि सार्वजनिक गर्न सकिने | १. कैद माफी मिनाहा सम्बन्धि विवरण<br>२. बन्दीहरूको व्यक्तिगत विवरण तथा सुरक्षा अवस्था<br>३. तोकिएका निषेधित बस्तुहरू कारागार भित्र लगेको विषयहरू<br>४. जेलरले बन्दीलाई सजचाय गरेको विषय<br>५. बन्दीको स्थानान्तरण सम्बन्धी विषय<br>६. जेलरबाट भागे भगाएको विषयहरू | |
| ३. | अति गोप्य सार्वजनिक गर्न नसकिने | १. शान्ति सुरक्षा तथा जेलमा हिंसा नियन्त्रण गर्न गरिएका कामहरू<br>२. जेलमा रहदा थप अपराध गर्न सक्ने सुचना अनुसार सो नियन्त्रण गर्न गरिने क्रियाकलापहरू<br>३. शान्ति सुरक्षाको दृष्टिकोणले सम्वेदनशील विषय | |

## २५. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः छैन ।

## २६. सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः

छैन ।

शिव कुमार अधिकारी

सूचना अधिकारी
मिति २०८३।०४।०४

## अनुसूचि १

### देशका विभिन्न कारागारहरूमा र बाल सुधार गृहमा रहेका बन्दीहरूको २०८३ असार मसान्तसम्मको मास्केवारी

| क्र.स. | कारागार रहेको स्थान | क्षमता | कैदी | | कैदी जम्मा | थुनुवा | | थुनुवा जम्मा | लिङ्ग अनुसार | | कुल कैदीबन्दी | स्वदेशी | | ६५ वर्ष माथि | | आश्रित | विदेशी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | | भागेको संख्या | फिर्ता आएको संख्या(आफ्नै /अन्य) | कैदि | थुनुवा | | राष्ट्रियता | संख्या |
| १ | ताप्लेजुङ | | १२४ | ० | १२४ | २३ | ० | २३ | १४७ | ० | १४७ | ० | ० | ४ | १ | ० | भारतीय मात्र | ३ |
| २ | पाँचथर | | ३० | ० | ३० | २२ | ० | २२ | ५२ | ० | ५२ | ० | ० | ० | ० | ० | | ० |
| ३ | इलाम | | २०८ | १३ | २२१ | ८६ | ७ | ९३ | २९४ | २० | ३१४ | ० | ० | ११ | १ | ३ | भारतीय मात्र | ५ |
| ४ | झापा | | ९४४ | ५५ | ९९९ | ५६३ | २३ | ५८६ | १५०७ | ७८ | १५८५ | ० | ० | १८ | ९ | ० | भारतीय +अन्य | १४७ |
| ५ | धनकुटा | | १३६ | ३ | १३९ | ३२ | ० | ३२ | १६८ | ३ | १७१ | ० | ० | ६ | ० | ० | | ० |
| ६ | तेह्रथुम | | ६६ | ३ | ६९ | ६ | ० | ६ | ७२ | ३ | ७५ | ० | ० | ३ | १ | ० | | ० |
| ७ | संखुवासभा | | ८५ | ७ | ९२ | ६६ | १ | ६७ | १५१ | ८ | १५९ | ० | ० | ६ | १ | १ | भारतीय मात्र | २ |
| ८ | भोजपुर | | ६२ | ५ | ६७ | ४३ | २ | ४५ | १०५ | ७ | ११२ | ० | ० | ४ | १ | १ | | ० |
| ९ | झुम्का सुनसरी | | १०५८ | ० | १०५८ | ६०९ | ० | ६०९ | १६६७ | ० | १६६७ | १७३३ | १३७२ | २० | ३ | ० | भारतीय मात्र | ३८ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | मोरङ | | ६७५ | ६७ | ७४२ | ३३० | ४० | ३७० | १००५ | १०७ | १११२ | १ | १ | १४ | ४ | २ | भारतीय +अन्य | ८७ |
| ११ | सोलुखुम्बु | | ६९ | ८ | ७७ | २३ | २ | २५ | ९२ | १० | १०२ | ८२ | ८० | ० | ० | ० | | ० |
| १२ | ओखलढुङगा | | ५८ | ७ | ६५ | १६ | २ | १८ | ७४ | ९ | ८३ | ० | ० | १ | २ | ० | | ० |
| १३ | उदयपुर | | १२३ | ८ | १३१ | ८५ | ७ | ९२ | २०८ | १५ | २२३ | ० | २ | १ | १ | ० | भारतीय मात्र | १ |
| १४ | खोटाङ | | १०३ | २ | १०५ | २१ | ३ | २४ | १२४ | ५ | १२९ | ० | ० | ० | ० | ० | भारत+भुट ान | २ |
| १५ | ससरी | | २१४ | ८ | २२२ | १५३ | २० | १७३ | ३६७ | २८ | ३९५ | १९४ | १३१ | ० | ० | ३ | भारतीय मात्र | १० |
| १६ | सिराहा | | १६६ | ० | १६६ | २०७ | ० | २०७ | ३७३ | ० | ३७३ | ० | ० | १५ | ४ | ० | भारतीय मात्र | २५ |
| १७ | महोत्तरी | | ८९ | ० | ८९ | ३५७ | ० | ३५७ | ४४६ | ० | ४४६ | ५३२ | ३२२ | ० | ० | ० | भारतीय मात्र | २५ |
| १८ | सर्लाही | | १९० | २४ | २१४ | १३७ | १५ | १५२ | ३२७ | ३९ | ३६६ | ० | ० | ४ | ३ | ४ | भारतीय मात्र | २९ |
| १९ | रौतहट | | ११३ | ८ | १२१ | १३० | ४ | १३४ | २४३ | १२ | २५५ | २४७ | १४० | १ | २ | ० | भारतीय मात्र | १४ |
| २० | पर्सा | | २६४ | १२ | २७६ | ८२० | ४२ | ८६२ | १०८४ | ५४ | ११३८ | ० | २४ | ४४ | ४ | ६ | भारतीय मात्र | १४६ |
| २१ | सिन्धुली | | ११८ | २९ | १४७ | १९८ | २९ | २२७ | ३१६ | ५८ | ३७४ | ४६२ | ३७१ | २ | २ | २ | भारतीय मात्र | ८ |
| २२ | दोलखा | | १११ | ० | १११ | ३७ | ० | ३७ | १४८ | ० | १४८ | ० | ० | २ | ३ | ० | चाईनिज | २ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | रामेछाप | | २६० | १४ | २७४ | ३१ | ० | ३१ | २९१ | १४ | ३०५ | ० | ३ | ३ | १ | ० | भारतीय +अन्य | १० |
| २४ | रसुवा | | ७६ | ५ | ८१ | १४ | ० | १४ | ९० | ५ | ९५ | ९२ | ८९ | ० | ० | ० | भारतीय +अन्य | ५ |
| २५ | नुवाकोट | | ७१८ | ३० | ७४८ | ६२ | ५ | ६७ | ७८० | ३५ | ८१५ | ० | ० | २७ | ० | २ | भारतीय +अन्य | २१ |
| २६ | धादिङ | | १५२ | १४ | १६६ | ७९ | ३ | ८२ | २३१ | १७ | २४८ | ० | १० | १७ | ० | ० | भारतीय +अन्य | १० |
| २७ | काभ्रेपलाञ्चोक | | १४२ | ० | १४२ | १३५ | ० | १३५ | २७७ | ० | २७७ | ० | १ | १ | २ | ० | भारतीय मात्र | २ |
| २८ | सिन्धुपाल्चोक | | ९८ | ० | ९८ | ३९ | ० | ३९ | १३७ | ० | १३७ | ० | १ | २ | १ | ० | | ० |
| २९ | डिल्लीबजार, काठमाडौं | | ३०९ | ० | ३०९ | २६४ | ० | २६४ | ५७३ | ० | ५७३ | २० | १० | १३ | ७ | ० | भारतीय +अन्य | २३ |
| ३० | जगन्नाथदेवल, काठमाडौं | | १९३५ | १८९ | २१२४ | १४८ | १८४ | १६७२ | ३४२३ | ३७३ | ३७९६ | ३१६० | २२२३ | १११ | १५ | ११ | भारतीय +अन्य | १९६ |
| ३१ | नख्खु, ललितपुर | | ६१३ | ० | ६१३ | ३१० | ० | ३१० | ९२३ | ० | ९२३ | ११९३ | ९१६ | १२ | १ | ० | भारतीय +अन्य | ३४ |
| ३२ | चितवन | | ३३५ | ३१ | ३६६ | ३४५ | ९ | ३५४ | ६८० | ४० | ७२० | ७२२ | ६३७ | १८ | ४ | १ | भारतीय मात्र | १४ |
| ३३ | मकवानपुर | | ७१६ | २२ | ७३८ | २३० | ८ | २३८ | ९४६ | ३० | ९७६ | ४०१ | ३०२ | १३ | १ | १ | भारतीय मात्र | ४५ |
| ३४ | मनाङ | | ८ | ० | ८ | १ | ० | १ | ९ | ० | ९ | ० | ० | ० | ० | ० | | ० |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | मुस्ताङ | | ३ | ० | ३ | ३ | ० | ३ | ६ | ० | ६ | ० | ० | २ | ० | ० | | ० |
| ३६ | पर्वत | | ५८ | ० | ५८ | ११ | ० | ११ | ६९ | ० | ६९ | १९ | १३ | १ | २ | ० | भारतीय मात्र | २ |
| ३७ | म्याग्दी | | ६७ | ५ | ७२ | २६ | २ | २८ | ९३ | ७ | १०० | ७५ | ७३ | २ | १ | ० | भारतीय | ० |
| ३८ | बागलुङ | | १०४ | १२ | ११६ | ३५ | ४ | ३९ | १३९ | १६ | १५५ | ० | ० | ५ | १ | २ | | ० |
| ३९ | गोरखा | | ४७ | ४ | ५१ | ५२ | २ | ५४ | ९९ | ६ | १०५ | ० | ० | ० | ० | ० | भारतीय मात्र | १ |
| ४० | लमजुङ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | बन्दी नरहेको | ० |
| ४१ | तनहुँ | | १५५ | ९ | १६४ | १२४ | ३ | १२७ | २७९ | १२ | २९१ | ३२२ | २८५ | ८ | ३ | ० | भारतीय | २ |
| ४२ | कास्की | | ४०३ | १७ | ४२० | २६५ | २० | २८५ | ६६८ | ३७ | ७०५ | ७५६ | ६५० | १२ | ३ | २ | भारतीय +अन्य | १३ |
| ४३ | स्याङ्जा | | १०५ | ३ | १०८ | ४१ | २ | ४३ | १४६ | ५ | १५१ | ० | १ | ५ | ३ | ० | | ० |
| ४४ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | | २७७ | ४० | ३१७ | ८३ | २० | १०३ | ३६० | ६० | ४२० | ५०५ | ३७३ | १६ | ६ | २ | भारतीय +अन्य | १८ |
| ४५ | पाल्पा | | २०१ | १२ | २१३ | १५ | ० | १५ | २१६ | १२ | २२८ | ० | ४ | १३ | ० | ० | भारतीय मात्र | ३ |
| ४६ | अर्घाखाँची | | ८२ | ६ | ८८ | २ | ० | २ | ८४ | ६ | ९० | ० | ० | ५ | ० | ० | भारतीय मात्र | २ |
| ४७ | गुल्मी | | ७६ | ४ | ८० | २५ | १ | २६ | १०१ | ५ | १०६ | ० | ० | ५ | ० | ० | | ० |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | रोल्पा | | १०४ | ७ | १११ | १३ | ० | १३ | ११७ | ७ | १२४ | ० | १ | ५ | १ | ० | | ० |
| ४९ | प्युठान | | ७६ | २ | ७८ | ३६ | २ | ३८ | ११२ | ४ | ११६ | ० | ० | ६ | २ | ० | | ० |
| ५० | कपिलवस्तु | | ३०६ | ० | ३०६ | ११० | ० | ११० | ४१६ | ० | ४१६ | ४०७ | ३१० | १० | १ | ० | भारतीय +अन्य | १६ |
| ५१ | रुपन्देही | | ३५६ | ० | ३५६ | २७१ | ० | २७१ | ६२७ | ० | ६२७ | ० | ० | ३ | १ | ० | भारतीय मात्र | ४७ |
| ५२ | तुलसीपुर, दाङ्ग | | ३३७ | ४४ | ३८१ | १२ | १३ | २५ | ३४९ | ५७ | ४०६ | २४५ | १८६ | १६ | ० | ४ | भारतीय मात्र | ६ |
| ५३ | घोराही, दाङ्ग | | २६२ | ० | २६२ | १६८ | ० | १६८ | ४३० | ० | ४३० | ० | ० | १ | ४ | ० | भारतीय मात्र | ३ |
| ५४ | बाँके | | ४३३ | ० | ४३३ | ४३३ | ० | ४३३ | ८६६ | ० | ८६६ | ० | ० | ८ | ३ | ० | भारतीय मात्र | ६७ |
| ५५ | नौबस्ता, बाँके | | ६४३ | ० | ६४३ | ३१ | ० | ३१ | ६७४ | ० | ६७४ | १२३ | ५० | २७ | २ | ० | भारतीय मात्र | ३१ |
| ५६ | बर्दिया | | २८३ | ३७ | ३२० | १०० | ३५ | १३५ | ३८३ | ७२ | ४५५ | ० | ० | १० | ० | ३ | भारतीय मात्र | २३ |
| ५७ | रुकुम (पश्चिम) | | ८१ | ५ | ८६ | ३९ | ० | ३९ | १२० | ५ | १२५ | ८८ | ७१ | २ | १ | ० | | ० |
| ५८ | सल्यान | | ९६ | १६ | ११२ | २५ | २ | २७ | १२१ | १८ | १३९ | ० | १ | २ | ० | ४ | | ० |
| ५९ | हुम्ला | | ४ | ० | ४ | ९ | १ | १० | १३ | १ | १४ | ० | ० | ० | ० | ० | | ० |
| ६० | जुम्ला | | ५० | ४ | ५४ | १७ | १ | १८ | ६७ | ५ | ७२ | ३६ | २७ | १ | ० | १ | | ० |
| ६१ | मुगु | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | बन्दी नरहेको | ० |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६२ | कालीकोट | | ३१ | ३ | ३४ | १० | २ | १२ | ४१ | ५ | ४६ | ० | ० | ० | ० | ० | | ० |
| ६३ | डोल्पा | | १६ | ० | १६ | १ | ० | १ | १७ | ० | १७ | ० | ० | ० | ० | ० | | ० |
| ६४ | जाजरकोट | | ३ | ० | ३ | ६ | ० | ६ | ९ | ० | ९ | ० | ० | ० | ० | ० | | ० |
| ६५ | दैलेख | | १२७ | १५ | १४२ | १२ | ३ | १५ | १३९ | १८ | १५७ | ० | ० | ४ | २ | ० | | ० |
| ६६ | सुर्खेत | | १७७ | २९ | २०६ | १७७ | १७ | १९४ | ३५४ | ४६ | ४०० | ० | ० | १ | १ | २ | भारतीय मात्र | ६ |
| ६७ | बझाङ | | ७६ | ० | ७६ | ११ | ० | ११ | ८७ | ० | ८७ | ६५ | ५४ | ५ | ० | ० | | ० |
| ६८ | बाजुरा | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | बन्दी नरहेको | ० |
| ६९ | अछाम | | ५० | ४ | ५४ | ३८ | १ | ३९ | ८८ | ५ | ९३ | ० | ० | ० | ० | ० | | ० |
| ७० | डोटी | | ६२ | ४ | ६६ | ५ | ० | ५ | ६७ | ४ | ७१ | ० | १ | ३ | ० | १ | | ० |
| ७१ | कैलाली | | २५८ | २४ | २८२ | २५७ | १५ | २७२ | ५१५ | ३९ | ५५४ | ६४४ | ४६० | ११ | ५ | ० | भारतीय मात्र | ८ |
| ७२ | दार्चुला | | ६६ | ० | ६६ | २६ | ० | २६ | ९२ | ० | ९२ | ७० | ६५ | १ | ० | ० | भारतीय मात्र | २ |
| ७३ | बैतडी | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५९ | ५८ | ० | ० | ० | बन्दी नरहेको | ० |
| ७४ | डडेल्धुरा | | ९८ | ९ | १०७ | ११ | ४ | १५ | १०९ | १३ | १२२ | ७८ | ७४ | ३ | ० | ० | भारतीय मात्र | ६ |
| ७५ | कञ्चनपुर | | १९४ | ९ | २०३ | १८२ | ९ | १९१ | ३७६ | १८ | ३९४ | ४२९ | ३५९ | ३ | ० | २ | भारतीय मात्र | १२ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १६१<br>३५ | ८८<br>८ | १७०<br>२३ | ९६<br>४४ | ५६<br>५ | १०२<br>०९ | २५७<br>७९ | १४<br>५३ | २७२<br>३२ | १२७<br>६० | ९७५१ | ५६<br>९ | ११<br>६ | ६० | ० | ११<br>७२ |

| कैदी | | थुनुवा | | लिंग अनुसार | | कुल मध्ये बृद्ध विदेशी आश्रित | | बाल सुधार गृहतर्फका बालबालिका १३३५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १६०२६ | पुरुष | ९७०८ | पुरुष | २५७३४ | कुल मध्ये ६५ बर्ष माथिको संख्या | ६९१ | कैदी ७३१ | | थुनुवा ४७१ | |
| महिला | ८९० | महिला | ५४७ | महिला | १४३७ | आश्रित बालबालिका | ५६ | बालक | ७१० | बालक | ४५६ |
| जम्मा | १६९१६ | जम्मा | १०२५५ | जम्मा | २७१७१ | कुल मध्ये विदेशीको संख्या | ११३६ | बालिका | २१ | बालिका | १५ |

| प्रदेश | क्र स | कारागार रहेको स्थान | क्षमता | कैदी | | कैदी जम्मा | थुनुवा | | थुनुवा जम्मा | लिङ्ग अनुसार | | कुल कैदीबन्दी | ६५ वर्ष माथि | | आश्रित | विदेशी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | | कैदि | थुनुवा | | **राष्ट्रियता** | संख्या |
| | १ | ताप्लेजुङ | | १२२ | ० | १२२ | २६ | ० | २६ | १४८ | ० | १४८ | ५ | ० | ० | राष्ट्रियता | संख्या |
| | २ | पाँचथर | | २७ | ० | २७ | २४ | ० | २४ | ५१ | ० | ५१ | ० | ० | ० | भारतीय मात्र | ३ |
| | ३ | इलाम | | २१३ | १३ | २२६ | ८४ | ७ | ९१ | २९७ | २० | ३१७ | १० | २ | ३ | | ० |
| | ४ | झापा | | ८५७ | ५७ | ९१४ | ६७२ | २७ | ६९९ | १५२९ | ८४ | १६१३ | १९ | ९ | ० | भारतीय मात्र | ६ |
| | ५ | धनकुट्टा | | १३८ | ३ | १४१ | २८ | ० | २८ | १६६ | ३ | १६९ | ६ | ० | ० | भारतीय +अन्य | १४६ |
| | ६ | तेह्रथुम | | ७१ | ३ | ७४ | १२ | १ | १३ | ८३ | ४ | ८७ | ३ | १ | ० | | ० |
| | ७ | संखुवासभा | | ८५ | ७ | ९२ | ६३ | २ | ६५ | १४८ | ९ | १५७ | ६ | १ | १ | | ० |
| कोशी | ८ | भोजपुर | | ४८ | ५ | ५३ | ५३ | ४ | ५७ | १०१ | ९ | ११० | ३ | २ | १ | भारतीय मात्र | २ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ९ | झुम्का सुनसरी | | १०२० | ० | १०२० | ६०१ | ० | ६०१ | १६२१ | ० | १६२१ | १८ | ४ | ० | | ० |
| | १० | मोरङ | | ७५७ | ६८ | ८२५ | ३३६ | ३३ | ३६९ | १०९३ | १०१ | ११९४ | १५ | ४ | १ | भारतीय मात्र | ३१ |
| | ११ | सोलुखुम्बु | | ६९ | ८ | ७७ | १९ | २ | २१ | ८८ | १० | ९८ | १ | ० | १ | भारतीय +अन्य | ८७ |
| | १२ | ओखलढुङगा | | ४५ | ६ | ५१ | १८ | २ | २० | ६३ | ८ | ७१ | ० | ३ | ० | | ० |
| | १३ | उदयपुर | | १२६ | ८ | १३४ | ८४ | ६ | ९० | २१० | १४ | २२४ | १ | १ | ० | | ० |
| | १४ | खोटाङ | | ११० | २ | ११२ | २१ | २ | २३ | १३१ | ४ | १३५ | ५ | ० | ० | भारतीय मात्र | १ |
| मधेश | १५ | ससरी | | १९६ | ७ | २०३ | १५१ | १५ | १६६ | ३४७ | २२ | ३६९ | ० | ० | ३ | भारत+भुटान | २ |
| | १६ | सिराहा | | १७१ | ० | १७१ | २१२ | ० | २१२ | ३८३ | ० | ३८३ | १४ | ४ | ० | भारतीय मात्र | १० |
| | १७ | महोत्तरी | | ८६ | ० | ८६ | ३४७ | ० | ३४७ | ४३३ | ० | ४३३ | ० | ० | ० | भारतीय मात्र | २५ |
| | १८ | सर्लाही | | १९८ | २१ | २१९ | १३५ | १४ | १४९ | ३३३ | ३५ | ३६८ | ४ | ३ | ३ | भारतीय मात्र | २४ |
| | १९ | रौतहट | | ९२ | ९ | १०१ | १३४ | ६ | १४० | २२६ | १५ | २४१ | १ | २ | ० | भारतीय मात्र | ३० |
| | २० | पर्सा | | २७९ | ११ | २९० | ८२४ | ४५ | ८६९ | ११०३ | ५६ | ११५९ | ४४ | ४ | ५ | भारतीय मात्र | ११ |
| बागमती | २१ | सिन्धुली | | ११६ | २९ | १४५ | १८९ | २६ | २१५ | ३०५ | ५५ | ३६० | २ | २ | २ | भारतीय मात्र | १४६ |
| | २२ | दोलखा | | ११० | ० | ११० | ३२ | ० | ३२ | १४२ | ० | १४२ | २ | २ | ० | भारतीय मात्र | ८ |
| | २३ | रामेछाप | | २५८ | १२ | २७० | ३७ | २ | ३९ | २९५ | १४ | ३०९ | ३ | १ | ० | चाईनिज | २ |
| | २४ | रसुवा | | ७४ | ५ | ७९ | १६ | ० | १६ | ९० | ५ | ९५ | २ | ० | ० | भारतीय +अन्य | १० |
| | २५ | नुवाकोट | | ७३० | ३० | ७६० | ६४ | ५ | ६९ | ७९४ | ३५ | ८२९ | २३ | ० | २ | भारतीय +अन्य | ४ |
| | २६ | धादिङ | | १४७ | १८ | १६५ | ६६ | ३ | ६९ | २१३ | २१ | २३४ | १६ | १ | ० | भारतीय +अन्य | २१ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २७ | काभ्रेपलाञ्चोक | | १३० | ० | १३० | १४४ | ० | १४४ | २७४ | ० | २७४ | ० | ३ | ० | भारतीय +अन्य | ९ |
| | २८ | सिन्धुपाल्चोक | | ९६ | ० | ९६ | ४५ | ० | ४५ | १४१ | ० | १४१ | ३ | ० | ० | भारतीय मात्र | २ |
| | २९ | डिल्लीबजार, काठमाडौं | | ३१८ | ० | ३१८ | २५३ | ० | २५३ | ५७१ | ० | ५७१ | १२ | ८ | ० | | ० |
| | ३० | जगन्नाथदेवल, काठमाडौं | | १८८९ | १८२ | २०७१ | १४१२ | १७७ | १५८९ | ३३०१ | ३५९ | ३६६० | ११५ | १६ | ११ | भारतीय +अन्य | २६ |
| | ३१ | नख्खु, ललितपुर | | ६१७ | ० | ६१७ | २८८ | ० | २८८ | ९०५ | ० | ९०५ | १२ | १ | ० | भारतीय +अन्य | १९१ |
| | ३२ | चितवन | | ३३५ | ३४ | ३६९ | ३४३ | ९ | ३५२ | ६७८ | ४३ | ७२१ | १९ | ४ | १ | भारतीय +अन्य | २९ |
| | ३३ | मकवानपुर | | ६९२ | २२ | ७१४ | २४४ | ११ | २५५ | ९३६ | ३३ | ९६९ | १३ | १ | १ | भारतीय मात्र | १२ |
| गण्डकी | ३४ | मनाङ | | ९ | ० | ९ | १ | ० | १ | १० | ० | १० | ० | ० | ० | भारतीय मात्र | ४५ |
| | ३५ | मुस्ताङ | | ३ | ० | ३ | ३ | ० | ३ | ६ | ० | ६ | २ | ० | ० | | ० |
| | ३६ | पर्वत | | ५६ | ० | ५६ | १३ | ० | १३ | ६९ | ० | ६९ | १ | ० | ० | | ० |
| | ३७ | म्याग्दी | | ६८ | ४ | ७२ | २४ | २ | २६ | ९२ | ६ | ९८ | २ | १ | ० | भारतीय मात्र | २ |
| | ३८ | बागलुङ | | १०० | ११ | १११ | ४० | ४ | ४४ | १४० | १५ | १५५ | ५ | १ | १ | भारतीय | ० |
| | ३९ | गोरखा | | ४५ | ४ | ४९ | ४९ | २ | ५१ | ९४ | ६ | १०० | ७ | २ | ० | | ० |
| | ४० | लमजुङ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० |
| | ४१ | तनहुँ | | १७९ | १३ | १९२ | ११३ | ३ | ११६ | २९२ | १६ | ३०८ | १० | ३ | ० | बन्दी नरहेको | ० |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४२ | कास्की | | ३९७ | १८ | ४१५ | २७२ | २० | २९२ | ६६९ | ३८ | ७०७ | १२ | ३ | २ | भारतीय | १ |
| | ४३ | स्याङ्जा | | १०६ | ३ | १०९ | ४८ | १ | ४९ | १५४ | ४ | १५८ | ५ | २ | ० | भारतीय +अन्य | १६ |
| लुम्बिनी | ४४ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | | २७४ | ४७ | ३२१ | ८८ | ११ | ९९ | ३६२ | ५८ | ४२० | १२ | ५ | २ | | ० |
| | ४५ | पाल्पा | | १९९ | १० | २०९ | २४ | २ | २६ | २२३ | १२ | २३५ | ११ | ० | ० | भारतीय +अन्य | १६ |
| | ४६ | अर्घाखाँची | | ८१ | ६ | ८७ | ४ | ० | ४ | ८५ | ६ | ९१ | ५ | ० | ० | भारतीय मात्र | ३ |
| | ४७ | गुल्मी | | ७२ | ५ | ७७ | २७ | १ | २८ | ९९ | ६ | १०५ | ४ | ० | १ | भारतीय मात्र | २ |
| | ४८ | रोल्पा | | १०१ | ८ | १०९ | १६ | ० | १६ | ११७ | ८ | १२५ | ५ | १ | ० | | ० |
| | ४९ | प्युठान | | ७० | १ | ७१ | ४४ | ४ | ४८ | ११४ | ५ | ११९ | ५ | ३ | ० | | ० |
| | ५० | कपिलवस्तु | | २९५ | ० | २९५ | ११३ | ० | ११३ | ४०८ | ० | ४०८ | ७ | २ | ० | | ० |
| | ५१ | रुपन्देही | | ३९३ | ० | ३९३ | २६७ | ० | २६७ | ६६० | ० | ६६० | ४ | २ | ० | भारतीय +अन्य | १७ |
| | ५२ | तुलसीपुर, दाङ्ग | | ३४४ | ४४ | ३८८ | ११ | १३ | २४ | ३५५ | ५७ | ४१२ | १६ | ० | ३ | भारतीय मात्र | ५३ |
| | ५३ | घोराही, दाङ्ग | | २५५ | ० | २५५ | १७३ | ० | १७३ | ४२८ | ० | ४२८ | १ | ४ | ० | भारतीय मात्र | ६ |
| | ५४ | बाँके | | ४०२ | ० | ४०२ | ४५७ | ० | ४५७ | ८५९ | ० | ८५९ | १० | ३ | ० | भारतीय मात्र | ३ |
| | ५५ | नौबस्ता, बाँके | | ६९४ | ० | ६९४ | ३९ | ० | ३९ | ७३३ | ० | ७३३ | ३० | २ | ० | भारतीय मात्र | ६९ |
| | ५६ | बर्दिया | | २७८ | ३९ | ३१७ | ९८ | ३२ | १३० | ३७६ | ७१ | ४४७ | ८ | १ | ३ | भारतीय मात्र | ३२ |
| कर्णाली | ५७ | रुकुम (पश्चिम) | | ७६ | ५ | ८१ | ४५ | ० | ४५ | १२१ | ५ | १२६ | २ | १ | ० | | ० |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५८ | सल्यान | | ९६ | १६ | ११२ | २५ | २ | २७ | १२१ | १८ | १३९ | २ | ० | ४ | | ० |
| | ५९ | हुम्ला | | ५ | ० | ५ | ९ | १ | १० | १४ | १ | १५ | ० | ० | ० | | ० |
| | ६० | जुम्ला | | ५४ | ४ | ५८ | १५ | १ | १६ | ६९ | ५ | ७४ | १ | ० | १ | | ० |
| | ६१ | मुगु | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० |
| | ६२ | कालीकोट | | ३३ | ३ | ३६ | १० | १ | ११ | ४३ | ४ | ४७ | ० | ० | ० | बन्दी नरहेको | ० |
| | ६३ | डोल्पा | | १४ | ० | १४ | ४ | ० | ४ | १८ | ० | १८ | ० | ० | ० | भारतीय मात्र | १ |
| | ६४ | जाजरकोट | | ४ | ० | ४ | ६ | ० | ६ | १० | ० | १० | ० | ० | ० | | ० |
| | ६५ | दैलेख | | १२० | १४ | १३४ | २१ | ३ | २४ | १४१ | १७ | १५८ | २ | १ | ० | | ० |
| | ६६ | सुर्खेत | | १८७ | २८ | २१५ | १७८ | १८ | १९६ | ३६५ | ४६ | ४११ | १ | ३ | २ | | ० |
| सुदूर पश्चिम | ६७ | बझाङ | | ७३ | ० | ७३ | १३ | ० | १३ | ८६ | ० | ८६ | ५ | ० | ० | भारतीय मात्र | ४ |
| | ६८ | बाजुरा | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० |
| | ६९ | अछाम | | ५१ | ४ | ५५ | २८ | १ | २९ | ७९ | ५ | ८४ | ० | ० | ० | बन्दी नरहेको | ० |
| | ७० | डोटी | | ५५ | ४ | ५९ | १५ | ० | १५ | ७० | ४ | ७४ | ३ | ० | १ | भारतीय मात्र | २ |
| | ७१ | कैलाली | | २५७ | २२ | २७९ | २५० | १३ | २६३ | ५०७ | ३५ | ५४२ | ९ | १ | ० | | ० |
| | ७२ | दार्चुला | | ६९ | ० | ६९ | १४ | ० | १४ | ८३ | ० | ८३ | १ | ० | ० | भारतीय मात्र | ६ |
| | ७३ | बैतडी | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | भारतीय मात्र | २ |
| | ७४ | डडेल्धुरा | | ९७ | ९ | १०६ | १३ | ३ | १६ | ११० | १२ | १२२ | ३ | ० | ० | बन्दी नरहेको | ० |
| | ७५ | कञ्चनपुर | | १९२ | ८ | २०० | १६१ | १० | १७१ | ३५३ | १८ | ३७१ | ३ | ० | १ | भारतीय मात्र | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १६०२६ | ८९० | १६९१६ | ९७०८ | ५४७ | १०२५५ | २५७३४ | १४३७ | २७१७१ | ५७१ | १२० | ५६ | ० | ११३६ |

| सि. नं. | जिल्लाहरु | कैदी | | | थुनुवा | | | कुल जम्मा | आश्रित | विदेशी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | | | |
| १ | बाल सुधार गृह भक्तपुर | ३ | २१ | २४ | २३ | १५ | ३८ | ६२ | | |
| २ | बालसुधार गृह मोरङ | १७६ | ० | १७६ | ६७ | ० | ६७ | २४३ | | |
| ३ | बालसुधार गृह कास्की | ४० | ० | ४० | ६८ | ० | ६८ | १०८ | | |
| ४ | बालसुधार गृह बाँके जयेन्दु | ३२ | ० | ३२ | ५२ | ० | ५२ | ८४ | | |
| ५ | बालसुधार गृह मकवानपुर | १२ | ० | १२ | २५ | ० | २५ | ३७ | | |
| ६ | बालसुधार गृह डोटी | २१ | ० | २१ | ८८ | ० | ८८ | १०९ | | |
| ७ | बालसुधार गृह पर्सा | ६९ | ० | ६९ | ४० | ० | ४० | १०९ | | |
| ८ | बालसुधार गृह रुपन्देही | ८४ | ० | ८४ | ८८ | ० | ८८ | १७२ | | ४ जना |
| ९ | बालसुधार गृह बाँके नौवस्ता | १३२ | ० | १३२ | ५ | ० | ५ | १३७ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | बालसुधार गृह नुवाकोट | १४१ | ० | १४१ | ० | ० | ० | १४१ | | |
| | **जम्मा** | **७८३** | **२२** | **८०५** | **५१५** | **१५** | **५३०** | **१३३५** | | |

## अनुसूचि २

## विभिन्न समयमा कारागारमा रहेका कैदीबन्दीको संख्या

| सि.न. | विवरण | कैदी विवरण | | थुनुवाको विवरण | | कुल कैदीबन्दी | | | बिदेशी | बालबालिकाको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | | आश्रित | वालक | बालिका |
| १ | २०६६ असार मसान्तसम्म | - | - | - | - | - | - | ११५०० | - | - | - | - |
| २ | २०६८असार मसान्तसम्म | - | - | - | - | - | - | १३०६८ | - | - | - | - |
| ३ | २०७३ असार मसान्तसम्म | - | - | - | - | १६२५८ | १२८१ | १७५३९ | ९६९ | ९४ | २२४ | ६ |
| ४ | २०७४ असार मसान्तसम्म | - | - | - | - | १६५३० | १३२३ | १७८५३ | १००५ | ८२ | २५४ | ४ |

| सि. न. | विवरण | कैदी विवरण | | थुनुवाको विवरण | | कुल कैदीबन्दी | | | बिदेशी | बालबालिकाको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | | आश्रित | वालक | बालिका |
| ५ | २०७५ असार मसान्तसम्म | - | - | - | - | १८०७४ | १२८६ | १९३६० | १०८७ | ६० | २५४ | ४ |
| ६ | २०७६ असार मसान्तसम्म | - | - | - | - | २०९८४ | १४३४ | २२४१८ | ११७२ | ८३ | २५४ | ४ |
| ७ | २०७७ असार मसान्त सम्मको विवरण | १३१२७ | ८२४ | ९२९४ | ५५७ | २२४२१ | १३८१ | २३८०२ | १२८७ | ८१ | ६०६ | २३ |
| ८ | २०७८ असार मसान्त सम्मको विवरण | १२६८१ | ७९१ | १०३५१ | ५६७ | २३०३२ | १३५८ | २४३९० | १२६४ | ८९ | ७९१ | २५ |

| सि.न. | विवरण | कैदी विवरण | | थुनुवाको विवरण | | कुल कैदीबन्दी | | | बिदेशी | बालबालिकाको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | | आश्रित | वालक | बालिका |
| ९ | २०७९ असार मसान्त सम्मको विवरण | १३९४१ | ७४२ | १०८४९ | ६६५ | २४८०७ | १४३३ | २६२४० | १३५८ | ७२ | १०३३ | ३१ |
| १० | २०८० असार मसान्त सम्मको विवरण | १५०६३ | ७७९ | १०८८६ | ७६५ | २५९४९ | १५४४ | २७४९३ | १३८१ | ८५ | १०८५ | ४२ |
| ११. | २०८१ असार मसान्त सम्मको विवरण | १६७२२ | ९६८ | १०२४४ | ६७९ | २६९६६ | १६४७ | २८६१३ | १४३२ | ७६ | १२५४ | ४० |
| १२. | २०८२ असार मसान्त | १६०२६ | ८९० | ९७०८ | ५४७ | २५७३४ | १४३७ | २७१७१ | ११३६ | ५६ | ११६६ | ३६ |

| सि. न. | विवरण | कैदी विवरण | | थुनुवाको विवरण | | कुल कैदीबन्दी | | | बिदेशी | बालबालिकाको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | | आश्रित | वालक | बालिका |
| | सम्मको विवरण | | | | | | | | | | | |

*नोटः कुल कैदीबन्दीमा बिदेशी समेत समावेश भएको, आश्रीत र वालवालिका छुट्टै रहेको ।*